# खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड

## प्रादेशिक कार्यालय, धनगढी

### धान कुटानी सम्बन्धी गोप्य शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

मिति :-२०७७०९।०८

यस प्रादेशिक कार्यालय धनगढी ले कैलाली जिल्ला को विभिन्न स्थानमा कम्पनी र भाडाको गोदाम बाट खरिद गरेको र गर्दै जाने करीब ६५०००.००क्वी. मोटा धान कुटानी गर्नुपर्ने भएकोले स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक मिल ( फर्म/कम्पनी) बाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल :**

१. कम्पनीको खरिद विभाग प्रधान कार्यालय काठमाण्डौं वा यस कार्यालय बाट फिर्ता नहुने गरी रु.१,०००।- रकम दाखिला गरी दरभाउ पत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ । धरौटी वापत रु.२,८५,०००।- (दुई लाख पन्चासी हजार) नगद यस कम्पनी को चल्ती खाता नेपाल बैंक लि.धनगढी १३७००१००१६२८९५००००01 र राष्ट्रिय वाणिज्य बैंक धनगढी ४१७०१०००००४४४०१ मा जम्मा गरेको बैंक भौचर वा "क" वर्गको बैंक (वाणिज्य बैंक) बाट जारी भएको जमानत (Bid Bond) राख्नु पर्नेछ ।

२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनु पर्ने चामल तथा बोराको गुणस्तर, चामल बुझाउनु पर्ने स्थान, धरौटी रकम आदि विवरण दरभाउपत्र फारम र सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

३. कम्पनीको आवश्यकता हेरी कुटानी गरिने धानको परिमाण थपघट हुन सक्नेछ । थपघट भएमा सोही अनुसार कुटानी गर्नु पर्नेछ ।

४. धान कुटानी गरिसकेपछि तोकिएको परिमाण चामल कम्पनीले तोकेको गोदाममा बुझाउनु पर्नेछ ।

५. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी जानकारीमा उललेख भएको ब्यहोरा अध्ययन गरी कुटानी कार्यमा हुने खर्च र आफु लाई प्राप्त हुने उप-पदार्थको आम्दानी रकम हिसाब गरी कुटानी ज्याला तथा कम्पनीबाट बुझिलिएको धानको प्रतिलब्धि (रिकभरी) चामल कबोल गर्नुपर्नेछ । दरभाउपत्र कागजातमा उल्लेख भएको अधिकतम कुटानी ज्यालामा नबढ्ने गरी र न्यूनतम प्रतिलब्धि प्रतिशतमा नघट्ने गरी चामल दिन कवुल गर्नु पर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०७७०९।२२ गते सम्म दरभाउपत्र खरिद गरी दरभाउदाता वा निजको आधिकारिक प्रतिनिधिले रितपूर्वक सही छाप तथा शिलबन्दी गरी मिति २०७७०९।२३ गते दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ । समय नाघी आएको दरभाउपत्र स्वीकार गरिने छैन । पेश हुन आएका दरभाउपत्र सोही दिन दिउँसो २:०० बजे सरकारी कार्यालय को प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र खरिद गर्ने र पेश गर्ने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट खरिद/पेश गर्न सकिने छ ।

७. दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियमानुसार कार्य सम्पादन जमानत तथा आवश्यकता अनुसार थप कार्य सम्पादन (धितो) जमानत समेत पेश गरी सम्झौता गर्नुपर्नेछ । निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।

८. दरभाउपत्रको मान्य हुने अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुनेछ । दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनी तथा प्राथमिक खरिद समितिमा सुरक्षित रहनेछ । यस सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र कागजात र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

प्रादेशिक प्रमुख 09/08

फोन नं.०९१-५२११२५